## मिति २०८०।१२।२० गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को १३ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** गैंडाकोट नगरपालिका वडा नं. ७ र ९ मा नारायणी नदीको किनारमा नदिजन्य पदार्थ थुप्रिदै गई बर्षातको समयमा नदी किनाराका भू-भागहरुमा कटान गर्दै जाने तथा जोखिम निम्त्याउन सक्ने भएको हुँदा जोखिम न्यूनीकरण गरी नगरपालिकाको आन्तरिक आय ब्यबस्थापन गर्नको लागि मिति २०८०/१०/२२ को नगर कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक बाताबरणीय परिक्षण प्रतिबेदन(अध्यावधिक) बमोजिम गैंडाकोट नगरपालिका वडा नं. ७ को मुरलीटार खण्ड-क बाट ७१,२५० घ.मि. तथा वडा नं. ९ को नारायणी नदी खण्ड- ख बाट ५७,६००.०० घ.मि. नदिजन्य पदार्थ उत्खनन गर्न, तथा उक्त नदिजन्य पदार्थको न्युनतम बिक्रि मूल्य रु. ३५०.०० प्रति घ. मि. कायम गरी खुल्ला बोलपत्र आव्हान गर्न नगर कार्यपालिका कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं.२** निकट भविष्यमा सुरु हुने मनसुनका कारणले हुन सक्ने डुबान तथा निर्माणाधिन नारायणगढ-बुटवल सडक खण्डको नाला निर्माणका लागि सडक आयोजनासंग भल ब्यबस्थापन/ मनसुन पुर्ब तयारीका लागि नाला निर्माणको बाँकी यथासिघ्र काम सम्पन्न गर्न अनुरोध गरी लेखी पठाउने र आबश्यक स्थानको पहिचान गरी पानीको बहाबमा अबरोध भएका स्थानहरु खोल्ने कार्य अघि बढाउने निर्णय गरियो।

**निर्णय नं.३** नारायणी नदी व्यवस्थापन आयोजना अन्तर्गत गैंडाकोट ५,६,७,९ मा निर्माण भईरहेको तटबन्धन निर्माणको कार्यलाई थप गति दिन तथा गैंडाकोट नगरपालिकाको भृकुटीको पानी ट्याङकी देखि वडा नं. ६ को सिमाना महादेव भर्याङगसम्मको भाग अत्यन्त संकटासन्न अबस्थामा रहेको र मानब बस्ती जोखिममा रहेकोले उक्त स्थानमा यस मनसुन अगाबै तटबन्धनको कार्य सम्पन्न गर्न आवश्यक पहलको लागी आयोजना कार्यालयलाई अनुरोध गरी पठाउने निर्णय गरियो।

**निर्णय नं.४** निर्माणाधिन नारायणगढ-बुटवल सडक खण्डको निर्माण व्याबसायी श्री चाइना स्टेट कन्सट्रक्सन इन्जिनियरिङ्ग कर्पोरेसन लि. को मिति Dec.08,2023 को पत्र अनुसार मोबाईल क्रसर K5 चेनेजमा राख्न अनुमति माग भई आएको विषयमा २०८१ जेठ मसान्त पछि मात्र अनुमति प्रदान गर्न सहमति दिने निर्णय गरियो।

**निर्णय नं. ५** नेपाल टेलिभिजनले नयाँ बर्ष २०८१ को अवसरमा आयोजना गर्ने **शुभारम्भ साँझ २०८१** कार्यक्रम गैंडाकोट नगरपालिका वडा नं.२ स्थित नारायणी नदी किनारको खुला स्थानमा मिति २०८०/१२/३० गते शुक्रबार राती ९.३० बजे देखि १२.३० बजेसम्म नेपाल टेलिभिजनको राष्ट्रिय प्रशासरण एवं एनटीभी प्लस लगायतबाट प्रत्यक्ष प्रशासरण हुन गईरहेको हुँदा उक्त कार्यक्रमको गैंडाकोट नगरपालिकाले प्रायोजन समेत गर्ने र सो कार्यक्रमको लागि नगरपालिकाको आन्तरिक स्रोतबाट रु. ५ लाख (मु.अ.कर रहित भुक्तानी दिने गरी ) विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** पूर्व पश्चिम राजमार्गको नारायणी नदीमा बन्न लागेको नयाँ पूल निर्माण कार्यका लागि छनोट भएको तुँदी कन्स्ट्रक्शन प्रा.लि. काठमाण्डौंले आयोजनाको निर्माण कार्य शुरु गर्न सो संग सम्बन्धित निर्माण सामाग्री उपकरणहरुको भण्डारण तथा आयोजनाका कर्मचारीहरुलाई बस्न तथा साईड कार्यालय सञ्चालनका लागि गैंडाकोट वडा नं. २ स्थित नारायणी टोल विकास अन्तर्गत रहेको करिब १० कठ्ठा सार्वजनिक जग्गा र गैंडाकोट वडा नं. ७ मा रहेको करीब २ बिघा सार्वजनिक जग्गालाई नगरपालिकाले मासिक रु.१५ हजारका दरले लिने गरी दिने निर्णय गरियो।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को आर्थिक ऐनमा शिर्षक छुट भएको घर जग्गा व्यवसाय फर्म दर्ता बापतको दर्ता शुल्क रु.५,०००/- तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिका क्षेत्र भित्र भारतीय नागरिकले सञ्चालन गर्ने व्यवसाय दर्ता गर्ने प्रयोजनका लागि भारतीय राजदुतबासको कार्ड र आफ्नो देशको नारगरिकता/ राहादानी/ आधार कार्ड तथा सम्बन्धित देशको नागरिक पुष्टि हुने कागजात लिई सम्बन्धित वडा कार्यालय मार्फत व्यवसाय दर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकाको नगर क्षेत्रभित्र अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो।

[illegible] बराल
[illegible]कीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

सदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. १०** नेपाल रेडक्रस सोसाईटी आर्दश उपशाखा गैंडाकोटले आफ्नो निर्माणाधिन उपशाखा भवनको लागि माग गरेको २ ट्रिपर जोडाईको बालुवा नगर कार्यपालिका कार्यालय परिसरमा विभिन्न मितिमा जफत गरी राखिएको मौज्दात रहेको बालुवा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११** गैंडाकोट नगरपालिकामा विभिन्न मितिमा भुक्तानी/आर्थिक सहयोग माग भई आएका देहाय बमोजिमका संघ/संस्थाहरु तपसित अनुसार नगरपालिकाको आन्तरिक स्रोतबाट भुक्तानी दिने निर्णय गरियो ।

१. जिल्ला खेलकुद विकास समिति नवलपुरलाई रु.१ लाख ५० हजार

२. देवघाट विकास केन्द्र नेपाल,भरतपुर-१ चितवनलाई रु. ५० हजार

३. सनातन विद्यापिठ ठिमुरा,चितवनलाई पूर्वाधार निर्माणको लागि रु. १ लाख

४. कृयापुत्री भवन वडा नं.१७ लाई रु. २ लाख

**निर्णय न. १२** गैंडाकोट नगरपालिकाले आगामी २०८१ सालका लागि देहाय बमोजिमका स्थानीय सार्वजनिक विदाहरु दिने निर्णय गरियो ।

| क्र.सं. | विदाको प्रकार | विदा लागू हुने मिति |
|---|---|---|
| १ | अन्तराष्ट्रिय आदिवासी जनजाति दिवस | २०८१ श्रावण २५ गते शुक्रबार |
| २ | हरितालिका तीज व्रत | २०८१ भदौ २१ गते शुक्रबार |
| ३ | जितिया पर्व | २०८१ असोज ९ गते बुधबार |
| ४ | हरिबोधिनी एकादशी(तुलसी बिवाह) | २०८१ कार्तिक २७ गते मंगलबार |
| ५ | मगर एकता दिवस | २०८१ फागुन १५ गते विहिबार |

**निर्णय नं. १३** गैंडाकोट नगरपालिकाको आफ्नै छुट्टै लोगो निर्माणका लागि आवश्यक प्रक्रियाको व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४** गैंडाकोट नगरपालिकाको आ.व. २०८०/०८१ मा पूर्वाधार विकास तर्फबाट विनियोजन भएको गैंडाकोट वडा नं.६ को समसानघाटको निर्माण कार्यलाई यथाशिघ्र कार्यान्वयनको प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५** गैंडाकोट नगरपालिका वडा नं. १ स्थित मौलाकाली मन्दिर जाने धार्मिक पर्यटन प्रवर्द्धन गर्न सहयोग पुग्ने मार्ग भित्री चक्रपथ कुमाल चोक देखि सुन्दर चोकसम्म करिब ५ कि.मी. नाला सहित कालोपत्रे गर्न आवश्यक बजेट मागका लागि सहरी विकास मन्त्रालय,सिंहदरबार,काठमाण्डौंलाई सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १६** गैंटाकोट क्षेत्रिय रगंशाला वडा नं. ३, ४ र ८ निर्माणको IEE को TOR स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७** दिगो बिकास लक्ष्य (SDG) ६ उल्लेख भए अनुसार सबैको निम्ति खानेपानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो ब्यबस्थापन सुनिश्चित गर्ने उद्धेश्यका साथ संघिय खानेपानी मन्त्रालय र गण्डकी प्रदेश सरकारको उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालयको समन्वयमा सुरु भएको पालिका स्तरीय वास प्लान निर्माण गर्न यस नगरपालिका र गण्डकी प्रदेश सरकारको उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय बिच मिति २०८०/११/१५ मा भएको समझदारी अनुमोदन गर्ने र उक्त सम्झौता बमोजिमको कार्य कार्यन्वयन गर्न नगर कार्यपालिका कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. १८** गैंडाकोट नगरपालिकाको आ.व. २०८०/०८१ मा लक्षित वर्ग अन्तर्गतको कार्यक्रम तर्फ विनियोजन भएको (महिला र जेष्ठ नागरिक शिर्षकको रकमलाई सबै वडास्तरमा समानरुपमा ) कार्यान्वयन गर्न देहाय बमोजिम रकमान्तर एवं शिर्षाकान्तर गर्ने निर्णय गरियो।

| वडा नं. | **साविकको योजना** | **रकम** | **परिवर्तित योजना शिर्षक** | **रकमान्तर योजना रकम** |
|---|---|---|---|---|
| महिला लक्षित | अति विपन्न महिलाहरुका लागि आय-आर्जन कार्यक्रम | रु.२,००,०००/- | वडास्तरमा महिला आय आर्जन बृद्धि गर्ने तथा लैंगिक हिंसा न्यूनिकरण गर्ने जनचेतनामुलक कार्यक्रम | रु.५,५०,०००/- |
| महिला लक्षित | महिला अधिकार सम्बन्धि अभिमुखीकरण | रु.१,००,०००/- | | |
| महिला लक्षित | महिला लक्षित आकस्मिक/ भैपरी आउने खर्च | रु.५०,०००/- | | |
| महिला लक्षित | लैंगिक हिंसा कोष स्थापना | रु.१,००,०००/- | | |
| महिला लक्षित | लैंगिक हिंसा न्यूनिकरण...सि.नं.२८१ को कार्यक्रम | रु.१,००,०००/- | | |
| जेष्ठ नागरिक | जेष्ठ नागरिक लक्षित कार्यक्रम | रु.५,००,०००/- | वडास्तरमा जेष्ठ नागरिक लक्षित कार्यक्रमको लागि | रु.५,००,०००/- |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख